# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५ ) काठमाडौं, असोज २ गते २०५२ साल ( अतिरिक्ताङ्क २१ (ख)


## भाग ३

### निर्वाचन आयोगको सूचना

नेपाल राजपत्र भाग ३, मिति २०५२।३।१५ अतिरिक्ताङ्क १२ मा प्रकाशित यस आयोगको सूचना बमोजिम २०५२ साल मंसीर ७ गते हुने प्रतिनिधिसभा सदस्यहरूको निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगबाट मान्यता प्राप्त गर्न दर्ताको लागि निवेदन दिने राजनैतिक संगठन वा दलहरूको निवेदन यस आयोगको कार्यालयमा प्राप्त भएकोमा सम्मानीत सर्वोच्च अदालतको मिति २०५२।५।१२ को फैसलाद्वारा प्रतिनिधि सभा पुनः स्थापित भएकोले २०५२ साल मंसीर ७ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन नहुने अवस्था विद्यमान रहेको हुँदा उपरोक्त बमोजिम प्रकाशित यस आयोगको सूचना र सो सूचनासँग सम्बन्धित अन्य काम कारबाही रद्द गरिएको छ ।

आज्ञाले,
मोहनदेव पन्त
निर्वाचन आयोगको का. मु. सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।